(ञ) मत गणनामा कुनै उम्मेदवारको चित्त नबुझेमा मत गणना समाप्त भई निर्वाचन घोषणा भएको ३ (तीन) दिन भित्र निर्वाचन समिति समक्ष उजुर दिन सकिनेछ। उजुर परेका अवस्थामा उजुर गर्ने म्याद समाप्त भएको भोलिपल्ट देखि मत गणना गरिनेछ।

(ट) निर्वाचन समितिले गरेको निर्णय अन्तिम हुनेछ।

१९. **उम्मेदवार हुने अयोग्यता** :

(क) सदस्यता नवीकरण नगरेमा।

(ख) निर्वाचन समितिले प्रकाशित गरेको मतदाता नामावली उपर बहुमत सदस्यको लिखित उजुरी परेमा।

२०. **अविश्वासको प्रस्ताव** :-

(क) संस्थाको सदस्य संख्याको कूल एक तिहाई सदस्यहरूले कार्य समिति तथा कार्यसमितिको कुनै पदाधिकारी उपर कारण सहित अविश्वासको प्रस्ताव प्रस्तुत गरेमा कार्यसमितिले सो अविश्वासको प्रस्ताव प्राप्त भएको १ (एक) महिनाभित्र विशेष साधारण सभा बोलाई प्रस्ताव पेश गर्नु पर्नेछ।

(ख) अविश्वासको प्रस्ताव उपर छलफल गर्न बसेको विशेष साधारण सभाले अविश्वासको प्रस्तावको पक्ष विपक्षको राय र सम्बन्धित कार्य समिति तथा पदाधिकारी तथा सदस्यको प्रतिवाद कथनलाई विचार गर्नु पर्नेछ।

(ग) साधारण सभाका कुल सदस्य संख्याको दुई तिहाई सदस्यले अविश्वासको प्रस्तावको पक्षमा मत दिएमा अविश्वासको प्रस्ताव पारित हुनेछ र त्यसरी अविश्वासको प्रस्ताव पारित भएको परिणाम स्वरूप सम्बन्धित पदाधिकारी तथा सदस्य आफ्नो पदबाट हट्नेछ।

(घ) अध्यक्ष उपर अविश्वासको प्रस्ताव दर्ता भएमा उपाध्यक्षले, अध्यक्ष र उपाध्यक्ष समेत उपर अविश्वासको प्रस्ताव दर्ता भएमा कार्यसमितिको जेष्ठ सदस्यले र सम्पूर्ण कार्यसमिति उपर नै अविश्वासको प्रस्ताव दर्ता भएमा विशेष साधारण सभामा उपस्थित जेष्ठ सदस्यबाट अध्यक्षता गरिनेछ।

(ङ) अविश्वासको प्रस्ताव दर्ता भएपछि त्यस्तो कार्यसमिति तथा पदाधिकारी तथा सदस्यलाई सफाईको मौका प्रदान गर्नु पर्नेछ।

२१. **विधान संशोधन** :- कुल सदस्य संख्याको दुई तिहाई सदस्यहरुले अनुमोदन गरे पश्चात् मात्र संस्थाको कुनै दफा संशोधन वा खारेजका लागि स्थानीय अधिकारी समक्ष सिफारिश गरी पठाउनु पर्नेछ। स्थानीय अधिकारीबाट स्वीकृत भए पश्चात् मात्र संस्थाको कुनै दफा संशोधन वा खारेज भएको मानिनेछ।

(क) यस विधानमा कुनै संशोधन गर्न परेमा कार्य समितिले साधारण सभा हुनुभन्दा कम्तीमा १५ दिन अगाडि संशोधित प्रावधान सहित लिखित सूचना सम्पूर्ण सदस्यहरूलाई प्रस्ताव गर्नु पर्नेछ।

(ख) प्रस्तावित संशोधन विधान प्रस्ताव सभामा उपस्थित संस्थाका सदस्यहरूको दुई तिहाई बहुमतद्वारा पारित हुनु पर्नेछ।

(ग) विधान संशोधन गर्दा संस्थाको उद्देश्य र हितमा प्रतिकुल असर नपर्ने गरी संशोधन गर्नु पर्नेछ।

(घ) संशोधित विधान प्रचलित ऐन बमोजिम स्वीकृत भएपछि लागू हुनेछ।

२२. **विनियम बनाउन सक्ने** :- संस्थाले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा आवश्यक विनियम बनाउन सक्नेछ र सो को जानकारी स्थानीय अधिकारीलाई दिनु पर्नेछ।

(क) यस विधानको उद्देश्यहरू पूर्ति गर्न कार्यसमितिले आवश्यक नियम तथा विनियमहरू बनाउन सक्नेछ